जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक ;
प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०१/१३ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

<u>विशेष उपस्थिति:</u>

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

**उपस्थित:**

| क्र.स. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री प्रदीपराज कणेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | तुलसी प्रसाई | उप. अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान वि. | |
| ३ | सुदिप राजभण्डारी | प्रहरी उपरीक्षक | जि. प्रहरी कार्यालय | |
| ४ | प्र.से. जितेन्द्र कु. गौली | गणपति | श्री भैरव गण | |
| ५ | स.प्र.उ. विरेन्द्र जिरौ | स.प्र.उ. | न. ६ गण हे. क्वा. सिरहा | |
| ६ | डा० नागेन्द्र प्र० साह | मे. सु. | जिल्ला अस्पताल सिरहा | |
| ७ | राजदेव यादव | सभापति | रेडक्रस सिरहा | |
| ८ | रामवल्लभ साह | गा.पा. अध्यक्ष | गा.पा. लक्ष्मीपुर पतारी | |
| ९ | रोहिणी कु० यादव | न० पा० कार्यवाहक मेयर | कल्याणपुर न० पा० सिरहा | |
| १० | जय प्रसाद दास | प्र. प्र. अ. | " " | |
| ११ | गोपाल प्रसाद कार्की | प्र. प्र. अ. | धनगढीमाई न.पा, सिरहा | |
| १२ | रामऔतार यादव | नगर प्रमुख | सुखीपुर न० पा० सिरहा | |
| १३ | सुनिता [illegible] | प्र० प्र० अ० | लक्ष्मीपुर पतारी गा० पा० सिरहा | |
| १४ | भुवनेश्वर शर्मा | स्वास्थ्य संयोजक | नवराजपुर गा.पा. सिरहा | |
| १५ | कृष्णानन्द सिंह | प्र. प्र. अ. | अर्नमा गा.पा. सिरहा | |
| १६ | शिवम कु. साह | प्र. प्र. अ. | सुखीपुर न.पा. सिरहा | |

| क्र.स. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १७ | गोविन्द प्रसाद | जिल्लाध्यक्ष | कर्मचारी ... | |
| १८ | जगदिश मण्डल | नि प्र.प्र.अ. | कर्जन्हा न.पा. | |
| १९ | गजेन्द्र यादव | अध्यक्ष | लिपिक | |
| २० | सन्तोष कुमार महतो | गा.पा. अध्यक्ष | बरियारपट्टी गा.पा. | |
| २१ | बालिराम यादव | प्रमुख प्रशासकीय अधिकृत | लहान न.पा. | |
| २२ | सुजित कु. यादव | प्र.प्र.अ. | नरहा गा.पा. | |
| २३ | रविन्द्र कु. महतो | प्र.प्र.अ. | बिष्णुपुर गा.पा. | |
| २४ | फुलकुमारी श्रेष्ठ | उपमेयर | धनगढीमाई न.पा. | |
| २५ | कृष्णदेव यादव | प्रमुख | स्वास्थ्य कार्यालय सिरहा | |
| २६ | श्रीधर कु. सी. | प्र.प्र.अ. | गो.न.पा. | |
| २७ | ईश्वर ... आङ्देम्बे | प्र.प्र.अ. | मिर्चैया न.पा. | |
| २८ | खेम नन्द प्रधान | ,, | लहान न.पा. | |
| २९ | उत्तम कटेल | सह-सेनानी | श्री शेर गण | |
| ३० | राम किशोर महतो | प्र.प्र.अ. | सखुवानान्कारकट्टी गा.पा. | |
| ३१ | प्रशुराम कापर | ज.स्वा.नि. | कल्याणपुर न.पा. | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक मिति २०७८/०१/१३ गते ।

### बैठकको कारवाही एवम् निर्णय

१. सिरहा जिल्लामा कोभिड-१९ संक्रमणको दोस्रो लहर (Second Wave) को अवस्था/ प्रभाव देहाय अनुरुप रहन गएको व्यहोरा बैठकमा अवगत भयो ;

क) कोभिड संक्रमणको अवस्था :

| जिल्ला | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फिर्ता गरेको संख्या | सिरहा अस्पतालमा रहेको आईसोलेसन वेड संख्या | होम आईसोलेसनमा रहेको संख्या | | | सिरहा अस्पतालको आईसोलेसनमा रहेको संक्रमित विरामी संख्या | सिरहा अस्पतालवाट निको भई डिसचार्ज गरेकी संख्या | वाहिर रेफर गरेको विरामी संख्या | सिरहा अस्पतालको स्वाब संकलन गरिएको संख्या | सिरहा अस्पतालको PCR Lab मा स्वाब जाँच गरिएको संख्या | नयाँ संक्रमित सख्या | निको भएका | मृत्यु भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | |
| सिरहा | ० | ० | ० | ० | 0 | ३५ | ११ | १ | १२ | ६ | ० | ० | ४६३ | ४६३ | १७ | ० | १ |

ख) स्वास्थ्य कार्यालय सिरहामा कोभिड-१९ विरुद्धको भाईल संख्या ४,७२७/- प्राप्त भई खोप लगाएकोमा खोप कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको ;

| पहिलो डोजको प्रगति | | | | |
|---|---|---|---|---|
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७७ माघ १४ देखि २४ सम्म | ३९३० | ३४२६ | ८७.१३ |
| २ | २०७७ फाल्गुन २ देखि १० सम्म | ३३०० | २९२४ | ८८.७० |
| ३ | २०७७ फाल्गुन २३ देखि चेत्र २ सम्म | ४१७७९ | ३३९३५ | ८१.२२ |
| **दोस्रो डोजको प्रगति** | | | | |
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७८ बैशाख ७ देखि १२ गते सम्मको प्रगति | ६३५० | ४९१२ | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

२. कोभिड-१९ संक्रमणको दोस्रो लहरबाट छिमेकी मित्र राष्ट्र भारत अत्यन्तै प्रभावित रहेको र नेपाल भारत खुल्ला सीमावर्ती भएको कारणले जोखिम न्यूनीकरण गर्न अझै प्रभावकारी व्यवस्थापन कडाई गर्नु पर्ने भएको कारणले DCCMC को मिति २०७७/१२/२९, २०७८/०१/०६ तथा स्थानीय तह सँग समेतको २०७८/०१/१० को समन्वय बैठकबाट भएको निर्णय कार्यान्वयनमा सवै न.पा./गा.पा. र वडा तहसम्मकका पदाधिकारी, स्वास्थ्य संस्था सुरक्षा निकाय र सम्वद्ध सरोकारवालाको क्रियाशीलता बढाउने।

क) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०१/०६ को निर्णय कार्यान्वयन गरी सवै वडा र न.पा./गा.पा. कार्यलयले आ-आफ्नो व्यवस्थापनको दैनिक समीक्षा गरी DCCMC प्रयोजनकोलागि जिल्ला प्रशासन कार्यालय (daosiraha@gmail.com) मा प्रतिवेदन गर्ने।

ख) Holding Center, Situation Center, Isolation तथा स्वास्थ्यकर्मी भर्ना गर्नकालागि बजेट नभएकोमा बजेट निकासा हुन प्रदेश सरकार-प्रदेश नं. २ सँग बजेट माग भएता पनि हालसम्म प्राप्त नभएको हुँदा हरेक स्थानीय तहले हाललाई कम्तिमा रु.१,००,०००/- अक्षरेपी एक लाख मात्र.......... का दरले कोभिड कोषको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहाको विविध खाता नं. ख ६ मा आर्थिक सहयोग प्रदान गर्ने।

साथै आ-आफ्नै स्थानीय तहमा समेत सुरक्षित होम आईसोलेसन र स्थानीय तहको आईसोलेसन संचालनमा ल्याउने।

ग) CCMC को मिति २०७८/०१/१२ प्रेस विज्ञप्तिमा उल्लेख भए अनुरुप मिति २०७८ बैशाख १२ गते बसेको CCMC निर्देशक समितिको बैठकले देशभरका विद्यालय तथा शिक्षालयमा भौतिक उपस्थित नभई भर्चुअल र बैकल्पिक माध्यमबाट मात्र पठन पाठन जारी राख्ने र भौतिक उपस्थितिमा हुने पूर्व निर्धारित सवै प्रकारका कक्षा कोठाका परीक्षाहरुलाई बन्द गर्ने भनी प्राप्त निर्देशन अनुरुप २०७८ बैशाख सम्मकालागि स्थगित गर्ने।

घ) जिल्ला स्थित सवै स्थानीय तह आ-आफ्नो पालिकामा कम्तिमा २०० जना अट्न सक्ने क्वारेन्टिन र ५ वेड क्षमता भएको प्रारम्भिक आईसोलेसन वेड तयारी गरी हरेक वेडकालागि अक्सिजन समेत तयारी अवस्थामा यथाशिघ्र राख्ने । आवश्यक पर्ने औषधी, जनशक्ति, सामाग्री, स्वास्थ्य उपकरणहरुको प्रयाप्त बन्दोबस्त मिलाउने।

ङ) स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरुलाई विदामा नछाड्ने, आवश्यक प्रोत्साहन भत्ता सहित कोभिड-१९ नियन्त्रण एवं रोकथामको कार्यमा लगाउने।

च) पालिकाभरिका टोल/टोलमा माईकिङ्ग गरी माक्स, अनिवार्य लागाउने, अति जरुरी काम नपरी घर वाहिर ननिस्कने, नियमित पट/पटक सावुन पानीले हातधुने, स्यानीटाईजरको प्रयोग नियमित गर्ने, कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्ने जस्ता जनचेतना अभिवृद्धि गर्ने गराउने।

छ) पालिकामा प्रवेश गर्ने नाकाहरुमा स्वास्थ्यकर्मी सहितको टोली खटाई हेल्पडेक्स स्थापना गरी संचालनमा ल्याउने कार्यलाई अझै प्रभावकारी तुल्याउने।

प्रमुख जिल्ला अधिकारी

ज) मिति २०७८/०१/०६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन गराउन आफ्नो पालिका क्षेत्रमा रहेका संघसंस्थाहरु, टोल विकास संस्थाहरु, शिक्षकहरु सरकारी एवं गैरसरकारी निकायहरुको बैठक राखी आवश्यक परिचालन गर्ने गराउने ।

३. जिल्ला प्रशासन कार्यालय-सिरहाको कोभिड कोषमा प्रदेश सरकार-प्रदेश नं.२ बाट हालसम्म प्राप्त, खर्च भएको एवं बचत रकम देहाय अनुरुप रहेको व्यहोरा बैठकमा अवगत भयो ;
प्राप्त रकम रु १,४५,००,०००/- मध्ये खर्च भएको रु १,३०,०८,१५१/-. र बाँकी रहेको रु १४,९१,८४९/-रहेको । मौजदात रकम मध्ये रु.५,००,०००/- रुपैंया पाँचलाखमा नघट्ने गरी होल्डिङ्ग सेन्टर एवं सिरहा अस्पतालको आकस्मिक संचालन व्यवस्थापनकालागि खर्च गर्ने ।

४. सम्भावित कोभिड संक्रमितहरुको जाँच परीक्षणकोलागि जिल्ला प्रशासन कार्यालय सिरहामा रहेको PCR Kit संख्या १२०० सिरहा अस्पताल सिरहालाई हस्तान्तरण गर्ने ।

५. सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय, बैंक तथा वित्तिय संस्थाले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराउने ।

प्रमुख जिल्ला अधिकारी